# हरिनगर गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड:** ८ | **संख्या:** ६ | **मिति:** २०८२/०४/३०

**भाग–२**


### ब्याकोहो लोडर तथा अन्य उपकरणहरु सञ्चालन सम्बन्धि कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:– २०८२/०४/३०

**प्रस्तावना:**

यस हरिनगर गाँउपालिकाको सरकारी सम्पत्तिको रुपमा रहेको व्याकहो लोडर, ट्र्याक्टर, पानी टयाङ्कर, कम्बाइन हार्बेष्टर, जेरोभेटर, रोटाभेटर लगायतका उपकरण सञ्चालनलाई व्यवस्थित गर्न, यसको दुरुपयोग रोक्न, यसबाट प्राप्त हुने आय र हुने व्ययको हिसाब किताब पारदर्शी रुपमा राख्न, मर्मत सम्भारलाई नियमित गराउन, यसमा सञ्चालन अपरेटर र सहयोगीलाई मेसिन सञ्चालन गर्दा हिफाजत र सदुपयोग गराई हरिनगर गाँउपालिकाको विकास निर्माणको काममा नियमितता, मितव्ययीता, प्रभावकारिता, पारदर्शी एवं व्यवस्थित बनाउन वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा हरिनगर गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकारको प्रयोग गरी हरिनगर गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा तयार गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :–** (क) यो कार्यविधिको नाम "**ब्याकोहो लोडर तथा अन्य उपकरणहरु सञ्चालन सम्बन्धि कार्यविधि, २०८२** " रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

**२. अर्थ र परिभाषा :–**

(क) "गाउँपालिका" भन्नाले हरिनगर गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "गाउँपालिका अध्यक्ष" भन्नाले हरिनगर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले हरिनगर गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "गाउँपालिका उपाध्यक्ष" भन्नाले हरिनगर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हरिनगर गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "कार्यालय" भन्नाले हरिनगर गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(छ) "शाखा" भन्नाले हरिनगर गाउँ कार्यपालिकाको विभिन्न शाखालाई सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले उपकरण संचालन तथा अनुगमन समितिलाई सम्झनुपर्छ ।

(झ) "उपकरण" भन्नाले हरिनगर गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकोहो लोडर, ट्र्याक्टर, पानी ट्याङ्कर, कम्बाइन हार्वेष्टर, जेरोभेटर, रोटाभेटर लगायतका उपकरणहरु सम्झनुपर्छ ।

(ञ) "अपरेटर" भन्नाले हरिनगर गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकोहो लोडर, ट्र्याक्टर, पानी ट्याङ्कर, कम्बाइन हार्वेष्टर, जेरोभेटर, रोटाभेटर लगायतका उपकरण चालकलाई सम्झनुपर्छ ।

(ट) "सहयोगी" भन्नाले हरिनगर गाउँपालिकाको स्वामित्वमा रहेको उपकरण सञ्चालनमा अपरेटरलाई सहयोग गर्न खटिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) "प्रयोगकर्ता" भन्नाले हरिनगर गाउँपालिकाको स्वामित्वमा रहेको उपकरणहरुको आवश्यकता भई गाउँपालिकाबाट माग गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

**३. ब्याकोहो लोडर लगायतका उपकरण सञ्चालनः–**

यस गाउँपालिकाको स्वामित्वमा रहेको उपकरणहरु सञ्चालन गरी काम लगाउँदा देहाय बमोजिमको प्रक्रिया पुर्याई सञ्चालन गर्नुपर्नेछ ।

(१) उपकरण प्रयोग गर्न चाहने व्यक्ति/संस्थाले उपकरण प्रयोग गर्दा लाग्ने अनुमानित समय र गाउँपालिकाको आर्थिक ऐन बमोजिम तोकिएको दररेटका आधारमा हुन आउने अनुमानित शुल्क उपकरण लैजान अघि धरौटीको रुपमा नगदै जिन्सी शाखामा बुझाउनु पर्नेछ । ।

(२) उपकरण प्रयोग गरी काम सम्पन्न भएपश्चात प्रयोगकर्ताले तिर्नुपर्ने कूल रकम उपदफा (१) बमोजिम जिन्सी शाखामा बुझाएको रकम भन्दा बढी वा घटी भए अनुसार हिसाव मिलान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको हिसाब मिलान गर्दा प्रयोगकर्ताले रकम फिर्ता पाउने देखिएमा नगदै जिन्सी शाखाबाट फिर्ता लिनुपर्नेछ भने थप रकम बुझाउनु पर्ने भएमा नगदै जिन्सी शाखामा बुझाउनुपर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम जम्मा हुन आएको कूल रकम जिन्सी शाखाले राजश्व शाखामा वा बैंकमा
जम्मा गरी एक प्रति भौचर प्रयोगकर्तालाई उपलब्ध गराउनु पर्नेछ ।

(५) कार्यालयबाट उपकरण सञ्चालनको कार्यादेश प्राप्त भएपछि मात्र उपकरण सञ्चालन गर्नुपर्नेछ ।

(६) उपकरण लैजाँदा ल्याउँदा लाग्ने इन्धन प्रयोगकर्ताले नै व्यहोर्नुपर्नेछ ।

(७) काम सम्पन्न भए पश्चात मेशिन अनिवार्य रुपमा गाँउपालिकामा फिर्ता ल्याई यथास्थानमा सुरक्षित राख्ने कर्तव्य अपरेटरको हुनेछ ।

(८) अपरेटरले मेशिनको नियमित रुपमा गरिने मर्मत सम्भारको समयका बारेमा गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ । त्यसरी गरिने मर्मतको समय जानकारी नगराई उपकरणमा खराबी आएमा अपरेटर जवाफदेही हुनेछ ।

(९) अपरेटर वा सहयोगीले मेशिन कार्यालयको आदेश विपरित संचालन गरे वा गराएको कारण मेशिनको कुनै पार्टपुर्जा वा मेशिनमा क्षति पुर्याए, लापरवाही साथ मेशिन चलाए वापत हुने आर्थिक तथा भौतिक क्षतिको क्षतिपुर्ति निजहरुबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(१०) कोही कसैले माग निवेदन बिना वा मौखिक आदेशमा उपकरण सञ्चालन गर्नु/गराउनु हुँदैन।

(११) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी गाँउपालिका भित्रका विभिन्न सार्वजनिक स्थानमा गर्नुपर्ने मर्मत संभार, सरसफाई तथा विपद् ब्यबस्थापन सम्बन्धी कार्य वा गाँउपालिकाको दायित्व अन्तर्गतको कार्य गाँउपालिका बाहिर समेत गर्नु पर्दा गाँउपालिका अध्यक्षको आदेशमा अर्डर स्लिपमा दस्तखत गराइ कार्य गर्न सकिनेछ र सो वापत लाग्ने इन्धन समेत गाँउपालिकाले बेहोर्नेछ। त्यस्तै गाँउपालिका भित्र गाँउपालिकाद्वारा विनियोजित बजेटबाट सञ्चालित विकास निर्माणको योजनाहरुमा उपभोक्ता समिति वा निर्माण ब्यबसायिले उपकरण माग गरे गाउँपालिकाको कार्यालयको अर्डर स्लिप अनुसार अग्रिम रुपमा मेसिन उपकरण सञ्चालन गरी सो वापतको रकम योजनाको रकम भुक्तानी गर्दा कट्टा गर्ने गरी उपकरण प्रयोग गर्न बाधा पर्ने छैन।

**४. मेसिन, उपकरण सञ्चालनबाट प्राप्त रकम गाँउपालिकाको खातामा दाखिला गर्नुपर्ने :**

उपकरणबाट प्राप्त हुने रकम गाउँपालिकाको खातामा जम्मा गर्नुपर्नेछ। उपकरण सञ्चालनको लागि आवश्यक पर्ने अपरेटर र सहयोगी कर्मचारीहरुको तलब, मर्मत खर्च, इन्धन खर्च समेतको ब्यबस्थापनको जिम्मेवारी गाँउपालिकाको हुनेछ।

**५. मर्मत सम्भार सम्बन्धी व्यवस्था :–**

उपकरणलाई मर्मत सम्भार गरी प्रभावकारी रुपमा सञ्चालन गर्ने, आवश्यकता अनुसार प्राविधिक चेकजाँच गराई मर्मत सम्भार गराउने जिम्मेवारी अपरेटर र सहयोगीको हुनेछ। कार्यालयले तोकेको सर्भिस सेन्टर वा सो सम्बन्धी जानकार प्राविधिकद्धारा पूर्व लागत अनुमान तयार गराई मर्मत सम्भार गर्ने जिम्मेवारी जिन्सी शाखाको हुनेछ। मर्मत सम्भार वा पार्टपूर्जा फेरबदल गर्नुपर्ने गरी आधिकारीक बिल भरपाई पेश भएमा मात्र भुक्तानी प्रक्रिया अघि बढाउनु पर्नेछ।

**६. लगबुक/डिजिटल मिटर :–**

(१) उपकरणहरुको नियमित रुपमा स्पष्ट रुपमा बुझिने गरी लगबुक भर्ने जिम्मेवारी अपरेटर र सहयोगीको हुनेछ। लगबुकमा केरमेट गरी विवरण उल्लेख गरेको भएमा सो वापतको रकम अपरेटरबाट असुल उपर गरिनेछ।

(२) डिजिटल मिटरलाई अपडेट राख्ने जिम्मेवारी अपरेटर र सहयोगीको हुनेछ। तर डिजिटल मिटरमा कुनै छेडखानी गर्न पाइने छैन। प्रत्येक महिना उपकरणको रनिङ मिटर र डिजिटल मिटरको अवलोकन तथा परीक्षण पूर्वाधार शाखाको कर्मचारी र जिन्सी शाखाको प्रमुखले संयुक्त रुपमा गर्नुपर्नेछ।

**७. उपकरण सञ्चालन तथा अनुगमन समितिको व्यवस्थाः–**

उपकरणको सञ्चालनलाई नियमित, पारदर्शी तथा प्रभावकारी रुपमा सञ्चालन गरी विकास निर्माण तथा मर्मत संभार र सर्वसाधारणलाई सेवा समेत पुर्याउन गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको एक उपकरण सञ्चालन तथा अनुगमन समिति गठन हुनेछ।

१. गाउँपालिकाका अध्यक्ष – संयोजक

२. गाउँपालिकाका उपाध्यक्ष – सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत – सदस्य

४. पूर्वाधार विकास शाखा प्रमुख – सदस्य

५. जिन्सी इकाई/शाखा प्रमुख – सदस्य सचिव

८. उपकरण प्रयोग वापत लाग्ने शुल्क प्रत्येक आर्थिक वर्षको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

९. **कर्मचारीको नियुक्ती**: (१) यस कार्यविधी अनुसारको उपकरण सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी गाँउपालिकाको करारमा प्राविधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७५ अनुसार छनौट गरिनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि सिजनल कामको लागि सेवा करारमा कर्मचारी भर्ना गर्न सान्दर्भिक नहुने भएमा वा सेवा करारमा काम गर्ने कर्मचारी नपाइएमा कार्यालयले ज्यालादारीमा काममा लगाउन कुनै बाधा पर्ने छैन ।

१०. **यसै बमोजिम हुने**: यो कार्यविधि लागू हुनु अघि उपकरण सञ्चालन सम्बन्धमा भएका बिषय यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
**नाम**: रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत